# १.सूचीकरण र योगदान रकम संकलन

सामाजिक सूरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरू औपचारिक क्षेत्रभित्र नीजि क्षेत्रलाई मात्र समेटिएकाले अन्य क्षेत्रमा समेत चरणबद्ध रूपमा प्रवेश गर्नु संवैधानिक र कानुनी मार्गदर्शन रहेको देखिन्छ ।यसै अनुरुप कोषले अनौपचारीक तथा स्वरोजगार क्षेत्र र बैदेशिक क्षेत्रमा रहेका श्रमिक तथा व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने गरि कार्याविधिहरु स्वीकृत भएको छन्। सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनको अनुभव र परिपक्वतासँगै भविष्यमा सबै क्षेत्रमा सामाजिक सुरक्षा योजनाहरू कोषबाटै सञ्चालन हुने योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले पथप्रदर्शित गरेको छ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनका लागि सम्बन्धित रोजगारदाता सर्वप्रथम सूचीकृत हुनुपर्ने हुन्छ । तत् पश्चात् आफू अन्तर्गत श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरूको सूचीकरण गर्नुपर्दछ । वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिस्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण ०१ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविधितै छ | परिणामस्वरुप आ.व.२०७९/८० दोश्रो त्रैमाषिक सम्मको सूचीकरण र योगदान रकम संकलनको जम्मा प्रगति निम्नानुसार छ ।

| सूचीकरण | आ.व.२०७९/८० पहिलो त्रैमाषिक सम्मको जम्मा प्रगति | आ.व.२०७९/८० दोश्रो त्रैमाषिक अवधिको जम्मा प्रगति | आ.व.२०७९/८० दोश्रो त्रैमाषिक सम्मको जम्मा प्रगति |
|---|---|---|---|
| रोजगारदाता (जना) | १९८१३ | १३१ | १७५८२ |
| योगदानकर्ता (जना) | ३६७००१ | १९८१३ | ३८६८१४ |
| योगदान रकम संकलन (रु) | २४५४२०१२११७.३० | ३६४३९९५३१५.२० | २८१८६००७४३२.५० |

## २.दावी भुक्तानी विवरण

सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलगअलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ । औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन,प्रसुती विदा, शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ । तथापि आ व २०७८।७९ को अन्त्यसम्म संरचनागत तयारीका अभावले गर्दा अधिकांश दाबी भुक्तानी म्यानुअल रुपमा गरिएकोमा स्वास्थ्य संथाको विस्तार सँगै हाल अधिकांश भुक्तानीहरु अनलाइन वाट भुक्तानि हुँदै आएको छ । आ.व.२०७९/८० दोश्रो त्रैमासिक सम्म अनलाइन र म्यानुअल रुपमा गरिएका सम्पूर्ण दाबी भुक्तानी विवरण देहायबमोजिम रहेको छः

| सुविधा योजनाहरु | आ.व.२०७९/८० पहिलो त्रैमासिक सम्मको जम्मा प्रगति | | | आ.व.२०७९/८० दोश्रो त्रैमासिक अवधिको जम्मा प्रगति | | | आ.व.२०७९/८० दोश्रो त्रैमासिक सम्मको जम्मा प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) | दावी गर्ने व्यक्तिको संख्या | दावी संख्या | दावी भुक्तानी रकम (लाख) |
| औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | १३९८७ | ३०२२१ | २८६४ | ७७५४ | ११५६४ | ७३६ | २१७४१ | ४१७८५ | ३६०० |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | ८२४ | १२१३ | ३२७ | २३८ | ३२६ | १०२ | १०६२ | १५३९ | ४२९ |
| आश्रित परिवार सुरक्षा योजना | ४० | ४५१६ | ४४५ | २४० | ११०४ | १०१ | २८० | ५६२० | ५४६ |
| वृद्ध अवस्था सुरक्षा योजना | २७३४४ | २९४१७ | २०४५९ | ७३६९ | ७४६३ | ६३८१ | ३४७१३ | ३६८८० | २६८४० |
| जम्मा | ४२१९५ | ६५३६७ | २४०९५ | १५६०१ | २०४५७ | ७३२० | ५७७९६ | ८५८२४ | ३१४१५ |

माथि उल्लेखित दाबीहरूमध्ये सबैभन्दा धेरै दाबी औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा परेको देखिन्छ । त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन् ।

## ३. अन्तरक्रियात्मक, सचेतना, साक्षरता र प्रचार -प्रसारका कार्यक्रमहरु तथा प्रविधि मैत्री सेवा- प्रवाह

- स्थलगत र भर्चुअल गरि आ.व.२०७९/८० को दोश्रो त्रैमाषिक अवधिमा मात्र द्विपक्षीय र त्रिपक्षीय गरि २४ वटा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ |
- योगदानाकर्ताद्वारा हुने योगदानरकम संकलन Multibank-Multichannel collection API UPGRADE गरि संचालनमा ल्याइएको छ |
- सुबिधा दाबी भुक्तानी ONLINE गर्ने गरि औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका दाबी (कोषसंग MOU गरिएका १४० अस्पत्ताल मध्ये) ३२ वटा अस्पत्तालबाट सेवा प्रवाह, दाबी गर्ने र दाबी भुक्तानी गर्ने कार्य निरन्तर भैरहेको छ र बाकि (OFFLINE मार्फत गरिएका) तथा आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतका दावी पनि कोषले ONLINE मार्फत भुक्तानी गरिरहेको छ ।

## ४. अन्य :

- आ.व.२०७९/८० को दोश्रो त्रैमाषिक अवधिमा योगदानाकर्ता सापटी अन्तर्गत २९३४ जनालाई कूल रु ५८८७१५७१४.९ रकम वितरण गरिएको ।
- स्वरोजगार तथा अनौपचारीक र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट संचालित सुरक्षा योजनामा आवद्द गर्न आवश्यक कार्यविधिहरु स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- नेपालगंज र बुटवलमा कोषको सम्पर्क कार्यालय स्थापनाको स्वीकृति प्राप्त भइ संचालनमा ल्याइएको ।